# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, जेठ ११ गते २०३३ साल [ संख्या ६

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

क्षेत्रीय अदालतका न्यायाधीशहरूको सेवाको शर्त र सुविधासम्बन्धी नियमावली, २०३३

न्याय प्रशासन सुधार ऐन, २०३१ को दफा १९ र २९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सर्वोच्च अदालतको सल्लाह लिई देहायका नियमहरू बनाएको छ:–

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "क्षेत्रीय अदालतका न्यायाधीशहरूको सेवाको शर्त र सुविधासम्बन्धी नियमावली, २०३३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. संचयकोषको सुविधा : श्री ५ को सरकारले क्षेत्रीय न्यायाधीशको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले संचयकोष कट्टा गर्नेछ र सो कट्टा रकममा शत प्रतिशत थप गरी संचयकोषमा जम्मा गरी दिनेछ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. <u>उमेरको गणना</u> : न्याय प्रशासन सुधार ऐन, २०३१ को दफा १७ को उप–दफा (३) को प्रयोजनको लागि क्षेत्रीय न्यायाधीशको उमेरको गणना देहायबमोजिम गरिनेछ:–

(क) नोकरीमा प्रवेश गरेको बेलामा निजले पेश गरेको शैक्षिक संस्थाको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुनआएको उमेर,

(ख) त्यस्तो अभिलेख नभएमा निजले नोकरीमा प्रवेश गरेको बेलामा सिट-रोलमा लेखी दिएको जन्म दिन वा वर्षबाट हुन आएको उमेर।

४. <u>दैनिक तथा भ्रमण भत्ता</u> : (१) क्षेत्रीय न्यायाधीशले आफू नियुक्त भएको, सरुवा भएको वा काज खटिएको स्थानमा जाँदा वा जहिलेसुकै पनि आफ्नो ओहृदासम्बन्धी काममा नेपाल अधिराज्यभित्र भ्रमण गर्दा निजलाई देहायका दरले दैनिक भत्ता, भ्रमण भत्ता तथा बीमा खर्च दिइनेछ –

(क) <u>दैनिक भत्ता</u> : प्रति दिन एक दिनको पारिश्रमिकको आधा।

(ख) <u>भ्रमण भत्ता</u> : (१) रेल वा बसबाट भ्रमण गर्दा पहिलो दर्जाको भाडा।

(२) हवाईजहाज वा अरू सवारीबाट भ्रमण गर्दा त्यस सम्बन्धमा लाग्ने टिकट खर्च वा भाडा।

(३) पैदल भ्रमण गर्दा प्रति कोशको पाँच रूपैयाँ।

(ग) <u>बीमा खर्च</u>: हवाईजहाजबाट भ्रमण गर्दा दुई लाख रूपैयाँको बीमा खर्च।

(२) एक अदालतमा ठेकिएको क्षेत्रीय न्यायाधीश अर्को अदालतमा काजमा खटिंदा काज खटिएको पहिलो नब्बे दिनसम्मको लागि निजले उप–नियम (१) बमोजिम दैनिक भत्ता पाउनेछ।

तर नब्बे दिन नाघेपछि दैनिक भत्ता पाउने छैन।

५. <u>दैनिक तथा भ्रमण भत्तासम्बन्धी अन्य सुविधाहरू</u>:– (१) नयाँ नियुक्ति भई वा एक क्षेत्रबाट अर्को क्षेत्रमा सरूवाभई जाँदा क्षेत्रीय न्यायाधीशले आफ्नो परिवारलाई आफू तत्काल बहालभएको ठाउँबाट आफ्नो घर फर्कंदा वा आफू नियुक्तभएको वा सरूवा-भएको ठाउँमा साथलिई जाँदा वा पछि जहिलेसुकै लगेमा पनि एक पटक निजको परिवारलाई देहायका दरले दैनिक तथा भ्रमण भत्ता दिइनेछ:–

(क) <u>दैनिक भत्ता</u> : परिवारका प्रत्येक सदस्यलाई क्षेत्रीय न्यायाधीशले पाउने दैनिक भत्ताको आधा।

(ख) <u>भ्रमण भत्ता</u> : (१) दश वर्षमुनिका केटाकेटीलाई क्षेत्रीय न्याया-धीशले पाउने भत्ताको आधा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दश वर्ष वा सो भन्दा माथिका परिवारका सदस्यलाई क्षेत्रीय न्यायाधीश सरह ।

तर भ्रमणको लागि टिकट लिनु पर्नेमा टिकटलाई लाग्ने रकम भन्दा बढी दिइने छैन ।

(२) नयाँ नियुक्ति भई वा एक क्षेत्रबाट अर्को क्षेत्रमा सरुवा भई जाँदा क्षेत्रीय न्यायाधीशले रेल, बस वा हवाईजहाजबाट भ्रमण गर्दा असी पौण्ड थप तौलको भाँडा भरोटको खर्च पाउने छ।

(३) कुनै नि कारणबाट क्षेत्रीय न्यायाधीश सेवाबाट अलग भई घर फर्कनु परेमा निज र निजको परिवारले यस नियमावली बमोजिम दैनिक तथा भ्रमण भत्ता पाउने छ र त्यस्तो भत्ताहरू निज बहाल टुटेको अदालतबाट दिइनेछ।

(४) क्षेत्रीय न्यायाधीशको निज बहाल रहेको क्षेत्रमा मृत्यु भएमा निजका परिवारले घर फर्कदा यस नियमावली बमोजिमको दैनिक तथा भ्रमण भत्ता पाउने छ र क्षेत्रीय न्यायाधीशको मृत्यु हुँदा बहाल रहेको अदालतबाट त्यस्तो भत्ताहरू दिइने छ।

तर अदालतको सदरमुकाम बाहिर अन्यत्र गए बसेको परिवारका सदस्यलाई यस उप–नियम बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइने छैन।

(५) भैपरी आउने विदा बाहेक अन्य कुनै पनि विदा नलिई एकै क्षेत्रमा तीन वर्ष बिताई सकेको क्षेत्रीय न्यायाधीशले घर विदामा आफ्नो घर जाँदा र घरबाट फर्कदा यस नियमावली बमोजिम पाउने दैनिक तथा भ्रमण भत्ताको आधाका दरले दैनिक तथा भ्रमण भत्ता पाउनेछ ।

तर यस उप–नियम बमोजिम निजको परिवारलाई दैनिक तथा भ्रमण भत्ता दिइने छैन।

(६) श्री ५ को सरकारका निजामती कर्मचारीको दैनिक तथा भ्रमण भत्तासम्बन्धी नियम बमोजिम थप दैनिक तथा भ्रमण भत्ता पाउने क्षेत्रमा क्षेत्रीय न्यायाधीशले भ्रमण गर्दा सोही बमोजिमको दरले थप भ्रमण भत्ता पाउने छ।

(७) दुर्गम स्थानमा अवस्थित क्षेत्रीय अदालतका न्यायाधीशले श्री ५ को सरकारका कर्मचारीहरूले समय समयमा पाए सरह दुर्गम स्थान भत्ता पाउनेछ ।

स्पष्टीकरण : (१) न्याय प्रशासन सुधार ऐन, २०३१ को दफा २२ बमोजिम सर्वोच्च अदालतका न्यायाधीश क्षेत्रीय अदालतमा काजमा खटी आउँदा जाँदा निजको परिवारका हकमा समेत यस नियम बमोजिमका सुविधाहरू आफ्नै सेवा शर्त बमोजिमको दरले पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यस नियमको प्रयोजनका लागि "परिवार" भन्नाले क्षेत्रीय न्यायाधीशको पति वा पत्नी, नाबालक छोरा, अविवाहिता छोरी तथा आफैले पालन पोषण गर्नु पर्ने आफ्नै बाबु, आमा र सौतेनी आमा समेत सम्झनु पर्छ।

६. दैनिक तथा भ्रमण भत्ता पेश्की पाउने : सरुवा भई जाने क्षेत्रीय न्यायाधीशले यस नियमावली बमोजिम पाउने दैनिक तथा भ्रमण भत्ता हालको अदालतबाट हिसाब बुझाउने गरी साबिक अदालतबाट पेश्कीको रूपमा लिन पाउने छ।

७. उपदान र निवृत्तभरण : (१) श्री ५ को सरकारको सेवामा बहाल नरहेका कुनै व्यक्ति क्षेत्रीय न्यायाधीशको पदमा नियुक्त भएमा निजलाई सो पदबाट अवकाश प्राप्त गरेपछि देहायबमोजिम निवृत्तभरण वा उपदान दिइने छः–

(क) मुख्य न्यायाधीश वा न्यायाधीश पदमा वा दुबै पदमा गरी बाह्र वर्षको सेवा अवधि पूरा गरी सकेको रहेछ भने मुख्य न्यायाधीशलाई आठसय रूपैयाँ र न्यायाधीशलाई सातसय पचास रूपैयाँका दरले मासिक निवृत्त-भरण।

(ख) मुख्य न्यायाधीश वा न्यायाधीश पदमा वा दुबै पदमा गरी बाह्र वर्षको सेवा अवधि पूरा गरेको रहेनछ भने पूरा गरेको जम्मा वर्ष संख्यालाई निजले पाई आएको डेढ महीनाको पारिश्रमिकको अंकले गुणन गर्दा हुन आउने अंक बराबरको एक मुष्ट रकमको उपदान।

(२) श्री ५ को सरकारको सेवामा बहाल रहेको कुनै व्यक्ति क्षेत्रीय न्यायाधीशको पदमा नियुक्त भएमा निजले सो पदबाट अवकाश प्राप्त गरेपछि निजलाई देहाय बमोजिम निवृत्तभरण वा उपदान दिइने छ–

(क) मुख्य न्यायाधीश वा न्यायाधीश पदमा वा दुबै पदमा गरी काम गरेको जम्मा अवधि ३ ले गुणन गरी हुन आउने अंकमा निजले श्री ५ को सरकारको सेवामा काम गरेको अवधि जोड्दा बीस वर्षको सेवा अवधि पूरा हुने रहेछ भने मुख्य न्यायाधीशलाई आठसय रूपैयाँ र अन्य न्यायाधीशलाई सातसय पचास रूपैयाँका दरले मासिक निवृत्तभरण।

(ख) खण्ड (क) बमोजिम हिसाव गर्दा बीस वर्ष पूरा नहुने रहेछ भने जति वर्ष पूरा भएको छ सो पूरा गरेको वर्ष संख्यालाई निजले पाई आएको डेढ महीनाको पारिश्रमिकको अंकले गुणन गर्दा हुन आउने अंक बराबरको एक मुष्ट रकमको उपदान।

(३) यस नियमको प्रयोजनको लागि सर्वोच्च अदालतको अतिरिक्त न्यायाधीश वा आय र कर अदालतको मुख्य न्यायाधीश वा न्यायाधीश वा क्षेत्रीय अदालतका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अतिरिक्त न्यायाधीशको पदबाट क्षेत्रीय अदालतको मुख्य न्यायाधीश वा न्यायाधीश नियुक्त भएका व्यक्तिले काम गरेको अवधि गणना गर्दा निजले सर्वोच्च अदालतको अतिरिक्त न्यायाधीश, आय र कर अदालतको मुख्य न्यायाधीश वा न्यायाधीश वा क्षेत्रीय अदालतको अतिरिक्त न्यायाधीश भई अटुट काम गरेको अवधिको समेत गणना गरिने छ।

(४) उप–नियम (१) र(२) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्री ५ को सरकारबाट निवृत्तभरण पाइरेको व्यक्ति क्षेत्रीय न्यायाधीशको पदमा नियुक्ति भई यस नियम बमोजिम पनि निवृत्तभरण पाउन सक्ने अवस्था भएमा निजले अघि पाएको निवृत्तभरण वा यस नियम बमोजिम पाउने निवृत्तभरण मध्ये कुनै एक रोज्न सक्नेछ।

८. पारिवारिक निवृत्तभरण उपदान आदिः– (१) देहायका अवस्थामा देहायका अवधि–सम्मका लागि क्षेत्रीय न्यायाधीशको एकाघरसंगको परिवारको सदस्यहरू मध्ये निजले इच्छाएको व्यक्तिलाई र त्यसरी नइच्छाएकोमा निजको परिवार मध्ये नजिकको हकदारलाई यस नियमावली बमोजिमको निवृत्तभरण दिइनेछः–

(क) क्षेत्रीय न्यायाधीशको पदमा बहाल छंदै निजको मृत्यु भएमा मृत्यु भए-देखि सात वर्षसम्म,

(ख) यस नियमावली बमोजिम निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै निजको मृत्यु भएमा सो सात वर्ष नपुगेको बाँकी अवधिसम्म।

(२) आफ्नो पदमा बहाल छंदै क्षेत्रीय न्यायाधीशको मृत्यु भएमा निजको यस नियमावली बमोजिम सञ्चित रहेको घर विदा र बिरामी विदा बापतको तलब र निवृत्तभरण पाउन नसक्ने भई उपदानसम्म पाउने रहेछ भने उपदानको रकम समेत निजको परिवारको सदस्यहरू मध्ये उपनियम (१) मा तोकिएको व्यक्तिले पाउने छ।

९. उपचार खर्चः– (१) क्षेत्रीय न्यायाधीश बिरामी भई उपचार गराउँदा लागेको देहायको खर्चको नब्बे प्रतिशत निजले उपचार खर्च बापत पाउने छः–

(क) अस्पतालमा भर्ना हुंदा वा अस्पतालमा उपचार गराउंदा लागेको अस्पतालको बील बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेसक्रिप्शन बमोजिम खरीद गरेको औषधि खर्च।

(ख) अस्पताल नभएको ठाउँमा वा अस्पताल भएपनि अस्पतालमा भर्ना हुन नपर्ने वा भर्ना हुन नसकेको अवस्थामा वा अस्पतालमा भर्ना भई अस्पताल-बाट निस्केपछि पनि रोगको उपचारको निमित्त कुनै दर्तावाला वा स्वीकृत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

योग्यता प्राप्त डाक्टर, कविराज, वैद्य वा हेल्थ असिष्टन्टले जाँच गर्दा लिएको फी तथा जाँच गरी लेखिदिएको प्रेसक्रिप्शन अनुसार खरीद गरेको औषधि खर्च।

(ग) प्लास्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सरजिकल अपरेशन) गर्दा लागेको बिल बमोजिमको खर्च ।

तर साधारणतया अस्पताल भएको ठाउँमा निजी नर्सिंगहोममा चिरफार गरेको खर्च भने दिइने छैन ।

(घ) चस्मा, दाँत, एयरफोन आदि उपकरणको लागि श्री ५ को सरकारले समय समयमा आदेश जारी गरी तोकिदिएको हदसम्मको रकमको लागेको बिल बमोजिमको खर्च ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक पटकमा दुईसय रूपैयाँ भन्दा घटी खर्च भएकोमा उपचार खर्च दिइने छैन र कूल सरकारी सेवा अवधिभर क्षेत्रीय न्यायाधीशले पाउने नौ महीनाको पारिश्रमिक भन्दा बढी रकमको उपचार खर्च दिइने छैन।

(३) नेपाल अधिराज्यभित्र औषधोपचार हुन नसक्ने भनी श्री ५ को सरकार-द्वारा नियुक्त चिकित्सकहरूको समितिले सिफारिश गरेको क्षेत्रीय न्यायाधीशलाई विदेशमा गई उपचार गराउन चाहेमा उप–नियम (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त श्री ५ को सरकारले उचित ठहराएको थप आर्थिक सहायता दिन सक्ने छ।

(४) यस नियम बमोजिम औषधि उपचार गराए बापत पाउने उपचार खर्च लिन नपाउँदै क्षेत्रीय न्यायाधीशको मृत्यु भएमा निजको परिवारको सदस्यहरू मध्ये नियम ८ को उप–नियम (१) मा तोकिएको व्यक्तिले सो उपचार खर्च लिन पाउने छ।

१०. <u>विदा</u> : क्षेत्रीय न्यायाधीशले देहायका विदाहरू पाउन सक्नेछन् :–

(क) भैपरी आउने विदा,

(ख) घर विदा,

(ग) विरामी विदा,

(घ) क्रुया विदा, र

(ङ) बिशेष विदा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. भैपरी आउने विदा : क्षेत्रीय न्यायाधीशले प्रत्येक बर्ष छ दिनमा नबढाई पारिश्रमिक सहितको भैपरी आउने विदा लिन सक्नेछ । भैपरी आउने बिदा अर्को बर्षको निमित्त सञ्चित हुने छैन ।

१२. घर विदा : (१) क्षेत्रीय न्यायाधीशले काम गरेको अवधिको बान्ह दिनको एक दिनका दरले पारिश्रमिक सहितका घर विदा पाउन सक्नेछ । घर बिदा बढीमा एक सय बीस दिनसम्म जम्मा गरी राख्न सकिने छ । साधारणत: पन्ध्र दिनभन्दा घटीको घर विदा र आखिरी घर विदा भुक्तान भएको मितिले चार महीना नपुगी अर्को घर विदा लिन पाउने छैन । घर विदाको प्रयोजनका निमित्त काम गरेको अवधिको गणना गर्दा भैपरी आउने विदा र सार्वजनिक विदाको दिन समेत काम गरेको दिनमा गणना गरिने छ ।

(२) क्षेत्रीय न्यायाधीशले घर विदामा घर जाँदा र घरबाट फर्कंदा बर्षको एक पटक पैदलको बाटोलाई आठकोशको निमित्त एक दिनको दरले र मोटर, रेल वा हवाईजहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन बाटो म्याद पाउने छ । बाटो म्याद दिंदा सबैभन्दा छिटो साधनद्वारा सबैभन्दा छोटो बाटोको दिइने छ र आउँदा जाँदा बास्तविक लागेको दिनभन्दा बढी दिइने छैन ।

तर घर विदामा घर नगई अन्यत्र जान वा बस्नको निमित्त बाटो म्याद दिइने छैन ।

(३) क्षेत्रीय न्यायाधीशले कुनै पनि कारणबाट आफ्नो पदबाट अवकाश प्राप्त गर्दा निजको सञ्चित घर विदाको तलवले निजले अवकाश प्राप्त गर्दाको बखत खाई पाई आएको तलबका दरले एक मुष्ट पाउने छ ।

१३. बिरामी विदा : (१) क्षेत्रीय न्यायाधीशले प्रत्येक साल एकको बान्ह दिनका दरले पारिश्रमिक सहितको बिरामी विदा पाउन सक्नेछ । बिरामी विदा साल भुक्तान नहुँदै पनि बढीमा बान्ह दिनसम्मको पेश्की लिन सकिने छ । नलिएको बिरामी विदा सञ्चित हुँदै जानेछ ।

(२) क्षेत्रीय न्यायाधीशलाई कुनै ठूलो र कडा रोग लागी स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरेमा निजको बिरामी विदा वा घर विदा बाँकी रहेनछ भने एक पटकमा दुई महीनासम्म पारिश्रमिक सहितको र चार महीनासम्म बिना पारिश्रमिकको थप बिरामी विदा पाउन सक्नेछ ।

तर–

(१) पारिश्रमिक सहितको थप बिरामी विदा लिंदा प्रत्येक दुई दिन थप बिरामी विदा बापत एक दिनको दरले निजको पछि पाक्ने घर विदा कट्टी हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सेवा अवधिभरमा जम्मा बाह्र महीनाभन्दा बढी बिना पारिश्रमिकको थप बिरामी विदा पाउने छैन ।

(३) कुनै पनि कारणबाट क्षेत्रीय न्यायाधीशले आफ्नो पदबाट अवकाश प्राप्त गर्दा निजको सञ्चित बिरामी विदाको तलब निजले अवकाश प्राप्त गर्दाको बखतमा खाई पाई आएको तलबको दरले एकमुष्ट पाउने छ ।

१४. कृया विदा: क्षेत्रीय न्यायाधीशले आफैं कृया बस्नु पर्दा कुल धर्म हेरी बढीमा पन्ध्र दिन सम्मको पारिश्रमिक सहितको कृया विदा पाउन सक्नेछ ।

१५. विशेष विदा: घर विदा बाँकी नभएको क्षेत्रीय न्यायाधीशलाई विशेष आवश्यकता परेमा निजले देहायबमोजिम आधा पारिश्रमिक सहितको विशेष विदा पाउन सक्नेछ:–

(क) एक पटकमा एक महीनामा नबढाई र

(ख) सेवाको तमाम अवधिभरमा तीन महीनामा नबढाई ।

१६. विदा दिने अधिकारी: (१) मुख्य न्यायाधीशलाई विदाको स्वीकृति प्रधान न्यायाधीशले दिनेछ ।

तर भैपरी आउने विदा मुख्य न्यायाधीशले आफैं जनाई लिन सक्नेछ ।

(२) मुख्य न्यायाधीश बाहेक अन्य न्यायाधीशको विदाको स्वीकृति मुख्य न्यायाधीशले दिनेछ ।

१७. निजामती सेवामा रहंदाको विदा: निजामती सेवामा रहेको कुनै व्यक्ति क्षेत्रीय न्यायाधीशको पदमा नियुक्त भएमा सो सेवामा रहँदाको निजको सञ्चित विदासम्बन्धी हक उपभोग गर्नबाट निजलाई वञ्चित गरिने छैन ।

१८. बहाली म्याद: (१) क्षेत्रीय न्यायाधीशको पदमा नियुक्ति हुने व्यक्तिले नियुक्तिपत्र पाएका एक महीनाभित्र आफ्नो पदको कार्यभार सम्हाल्नु पर्नेछ । कार्यभार सम्हालेको मिति–देखि मात्र निजले पारिश्रमिक पाउने छ ।

(२) एक क्षेत्रीय अदालतबाट अर्को क्षेत्रीय अदालतमा सरुवा हुने न्यायाधीशले बाटोको म्याद बाहेक सरुवा हुनु भन्दा अघि छिनेको मुद्दाको बाँकी फैसलाहरू लेख्न बढीमा सात दिनसम्मको म्याद र तैयारीको निमित्त अर्को सात दिनको म्याद पाउने छ ।

१९. स्वीकृति बिना ईलाका नछोड्ने: काजमा खटिएकोमा वा विदामा रहेकोमा बाहेक कडा रोग लागी वा यस्तै अन्य अपझ्टको कारण परी क्षेत्रीय अदालतको सदरमुकामबाट अन्यत्र नगई नहुने अवस्थामा परेमा मुख्य न्यायाधीशले कारण खोली प्रधान न्यायाधीश

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समक्ष प्रतिवेदन दिई र अन्य न्यायाधीशले मुख्य न्यायाधीशको स्वीकृति लिई देशभित्र वा बाहिर जान सक्नेछ । त्यसरी जाँदा अदालतको काममा बाधा नपर्ने गरी आवश्यक प्रवन्ध मिलाई जानु पर्नेछ ।

२०. कायम मुकायम मुख्य न्यायाधीशको सुविधाः कायम मुकायम मुख्य न्यायाधीशले मुख्य न्यायाधीश सरह पारिश्रमिक र अन्य सुविधा पाउनेछ ।

तर मुख्य न्यायाधीश सरहको निवृत्तभरण, पारिवारिक निवृत्तभरण, उपदान र संचयकोष सुविधा भने पाउने छैन ।

२१. अतिरिक्त वा अस्थायी क्षेत्रीय न्यायाधीशको पारिश्रमिक र सेवाको शर्तः यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि क्षेत्रीय अदालतका अतिरिक्त न्यायाधीश तथा अस्थायी न्यायाधीशको पारिश्रमिक, सेवाको शर्त र अन्य सुविधा श्री ५ बाट तोकी बक्से बमोजिम हुनेछ ।

२२. खारेजीः क्षेत्रीय अदालतका न्यायाधीशहरूको सेवा शर्त र सुविधासम्बन्धी नियमावली, २०३० खारेज गरिएको छ ।

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको सचिव

(९१ (७११

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

692

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।